फोन नः 9855048899
Email : pmamp.piu.bara@gmail.co

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, बारा

## थानको उन्नत बीउ आपुर्तीका लागि खाम्बन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१३)**

यस परियोजना कार्यान्वयन एकाईको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक ५०% अनुदानमा धान बिउ वितरण कार्यक्रम रहेकोले चैते धानको उन्नत बीउ (हर्दिनाथ १) खरिदमा अनुदान दिने प्रयोजनका लागि योग्यता पुगेका ईजाजत प्रात संस्था, फार्म तथा कम्पनीबाट परियोजनाले उपलब्ध गाउने निर्दिष्ठ फाराम भरि आवश्यक कागज पत्र सहित यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात २०७९/१०/२८ गते १२:०० बजे भित्र खामबन्दी दररेट पेश गर्न सूचित गरिन्छ। रित पूर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे आपुर्तीकर्ता वा निजको प्रतिनिधि तथा परियोजनाको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। प्रस्ताव खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट प्रस्ताव खोलिने छ। आपुर्तीकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। साथै यस परियोजनाबाट उपलब्ध हुने निर्दिष्ट फाराम परियोजनाको वेबसाईट piubara.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि परियोजनामा सम्पर्क गर्न हुन अनुरोध छ।

**आवश्यक कागजातहरु :**

१.उन्नत बीउ उत्पादन तथा बिक्री वितरण गर्न अनुमतीपत्र प्राप्त गरेको इच्छुक संस्था/फार्म/कम्पनीले मात्र शिलबन्दि प्रस्ताव पेश गर्न सक्नेछन। आपुर्तिकर्ताले बीउ उत्पादन तथा बिक्री वितरणका लागि ईजाजतपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्न पर्नेछ।

२.योग्यता पुगेका ईजाजत प्राप्त संस्था,फार्म तथा कम्पनीले दर्ता प्रमाण पत्रको प्रतिलिपी,फार्म नवीकरणको प्रमाण पत्रको प्रतिलिपी वा कम्पनि भएमा कम्पनि रजिष्टारको कार्यालयबाट गरिने कम्पनि अद्याबधिक भएको पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने. pan वा vat प्रमाण पत्रको प्रतिलिपी, पछिल्लो आ.ब. को कर चुक्त प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने छ।

३. पछिल्लो दुई आ.ब को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी।

४.बीउ आपुर्तिकर्ताले आपुर्ति गर्ने सक्ने बीउकको परिमाणको प्रस्तावित रकमको ५% बराबरको ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस परियोजनाको परियोजना कोड नं.३१२००२१०१ तथा रा.बा.बैंक, कलैया (बारा) को धरौटी खाता न.१२६०१००१०२०३०००० मा जम्म गरी सकल भौचर सहित पेश गर्नु पर्नेछ।

निमित्त कार्यालय प्रमुख

५.आपुर्ती गरिने बीउको हरेक लटको आधिकारिक जारि भएको प्रयोगशाला परिक्षण (Gerimination, Purity, and Moisture) रिपोर्ट समेत पेश गर्नुपर्ने छ ।

६.आपुर्तिकर्ताले आपुर्ति गर्ने चैते धान लागि हर्दिनाथ १ बीउ उत्पादनका लागि अघिल्लो पुस्ताको बीउ खरिद गरेको बिल बिजको प्रतिलिपी समेत अनिवार्य पेश गर्नु पर्नेछ ।

७.आपुर्तिकर्ताले नेपाल सरकार राष्ट्यि बीउ बिजन समितिबाट तोकिए बमोजिमको मापदण्ड एवं न्यून्तम गुण्स्तर पुगेको बीउ मात्र आपुर्ती गर्नुपर्ने छ र

८.प्र.कृ.आ.प.परियोजना कार्यान्वयन एकाई,बाराले आवश्यक्ता अनुसार बीउको गुणस्तरका लागि Technical Audit गर्न सक्ने छ ।

९.आपुर्तिकर्ताले शिलबन्दि प्रस्ताव पेश सम्पूर्ण खर्च समावेश गरि पेश गर्नुपर्ने र परियोजना कार्यान्वयन एकाई,बारा सम्म ढुवानी गर्नुपर्ने तर ढुवाणी बापत थप रकम उपलब्ध गराईने छैन ।

१०.परियोजना कार्यान्वयन एकाई,बाराले सुचिकृत गरेको आपुर्तिकर्ताहरुबाट सम्बन्धित लाभग्राहीहरुले आपनो ईच्छा अनुसारको चैते धानका लागि हर्दिनाथ १ जाातको बीउ खरिद गर्न सक्नेछन र सब्मन्धित आपुर्तिकर्ताले लाभग्राहीहरुलेबाट सम्पूर्ण रकम लिई मात्र चैते धानका लागि हर्दिनाथ १ बीउ उपलब्ध गराउनु पर्ने छ । साथै अनुदान वापतको रकम परियोजनाले सम्बन्धित लाभग्राहीको खातामा भक्तानी गर्ने छ ।

११.बीउको कारणले उत्पादनमा क्षति भएमा प्रचलित कानुन बमोजिमको क्षतिपर्ति सम्बन्धित आपुर्तिकर्ताले व्यहार्नु पर्ने छ ।

१२.प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहनेछ ।

१३.बिस्तृत जानकारीका लागि यस परियोजनामा कार्यालय समय भित्र सम्पर्क राखन सकिनेछ ।

१४.अन्य व्योहोरा प्रचलित कानुन बमोजिम हुनेछ ।

कार्यालय प्रमुख